## एन आई सी एशिया बैंक लिमिटेडको

# प्रवन्धपत्र तथा नियमावली

(मिति २०७७/०८/२१ मा सम्पन्न बैंकको २३ औं साधारण सभाबाट बैंकको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनलाई मिति २०७७/०९/०९ मा नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था नियमन विभागबाट र मिति २०७७/०९/२० मा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएपश्चात् सो मिति सम्मको स्वीकृत संशोधनहरु संलग्न गरिएको)

NIC ASIA

एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेडको

# प्रवन्धपत्र तथा नियमावली

## बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कारोबार गर्ने कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरहरुमा सीमित दायित्व भएको)

### एन आई सी एशिया बैंक लिमिटेडको

# प्रवन्धपत्र

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम "एन आई सी एशिया बैंक लिमिटेड" रहेको छ, यसलाई अंग्रेजीमा **NIC ASIA Bank Limited** भनिनेछ । छोटकरीमा यसलाई एन आई सी एशिया बैंक **(NIC ASIA Bank)** र यसपछि बैंक भनिनेछ ।

२. **बैंकको रजिष्टर्ड (केन्द्रीय)कार्यालय रहने ठेगाना:**

(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथली स्थित ट्रेड टावर नेपालमा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्वसुचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ ।

(२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर रहनेछ ।

३. **बैंकका मुख्य उद्देश्यहरु:**

१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय सेवा सम्वन्धी व्यवसाय–कारोबार गर्ने यस बैंकका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय सेवा/सुविधा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, बिकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) राष्ट्रिय अर्थतन्त्रलाई सबल एवं सुदृढ बनाउनका लागि उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य

प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

ङ) सामान्यतया माथि उल्लेखित कुनै पनि उद्देश्यहरु पूरा गर्दा आईपर्ने वा सोसँग सम्बद्ध वा ती उद्देश्यहरु प्राप्तिका लागि उपयुक्त वा बैंकलाई लाभ हुने तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले बैंकले गर्न हुने भनी तोकेका अन्य कुनै पनि कार्यहरु प्रारम्भ गर्ने, जिम्मा (अण्डरटेकिङ) लिने, सुप्रबन्ध गर्ने तथा संचालन गर्ने ।

२) बैंकले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

**४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु:**

यस बैंकले माथि दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम “क” वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा रही प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ:

क) ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने ।

ख) चल अचल जायजेथा वा सो सम्बन्धी अधिकारपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र वा शेयर वा डिवेन्चरको सुरक्षणमा वा नेपाल सरकार वा विदेशी सरकारको जमानत तथा जमानत भएको सुरक्षणमा वा आफुलाई मान्य हुने अन्य सुरक्षणमा नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही कर्जा तथा वित्तीय सुविधा/सेवा प्रदान गर्ने वा लगानी गर्ने । साथै राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिम कर्जा तथा वित्तीय सुविधा/सेवा दिने ।

ग) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने ।

घ) हायर पर्चेज, लिजिङ्ग, हाउसिङ्ग तथा सेवा व्यवसायका लागि कर्जा तथा अन्य वित्तीय सेवा/सुविधा प्रदान गर्ने ।

ङ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेन्ट बैंकिङ्ग कारोबार गर्ने ।

च) परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा हायर पर्चेज, हाइपोथिकेसन, लिजिङ्ग, हाउजिङ्ग तथा सेवा व्यवसायका लागि कर्जा दिने दिलाउन तथा अन्य वित्तीय सेवा/सुविधा प्रदान गर्ने ।

छ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र, प्रतितपत्र जारी गर्ने र सो वापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने, आफुलाई मान्य हुने अन्य सुरक्षण लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन र धितोबन्धक सुरक्षण लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोबार गर्ने ।

ज) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा वा अन्य वित्तीय सुविधा/सेवा दिने ।

झ) प्रतितपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने, फ्याक्टरिङ (**Factoring**) गर्ने वा खरिद बिक्री गर्ने ।

ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्यागनेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने ।

ट) विद्युतीय कारोबारको लागि नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड, स्टोर्ड भ्यालू कार्ड, स्मार्ट कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने ।

ठ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ मेशिन, प्वाइन्ट अफ सेल मेशिन वा अन्य विद्युतीय उपकरण वा साधनको मध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा तथा वित्तीय सुविधा/सेवा दिने ।

ड) आफुले पत्याएका व्यक्ति वा संस्थालाई अधिविकर्ष कर्जा तथा अन्य वित्तीय सुविधा/सेवा दिने ।

ढ) आफुकहाँ पहिले नै धितो रही सकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम एकै पटक वा पटक पटक गरी कर्जा वा अन्य वित्तीय सुविधा सेवा दिने वा अन्य बैंक तथा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्ति वा अन्य सुरक्षणको पुनः धितो वा पुनः सुरक्षणमा त्यस्तो चल अचल सम्पत्ति वा सुरक्षणको मूल्यले खामेसम्मको रकम एकै पटक वा पटक पटक गरी कर्जा वा अन्य वित्तीय सुविधा सेवा दिने ।

ण) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने ।

त) नेपाल भित्र वा विदेशमा विनिमयपत्र, चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने, चलान गर्ने, प्राप्त गर्ने, संचालक समितिले तोकेको मापदण्डभित्र रही **Forward, Options, Swap, Futures** जस्ता विभिन्न डेरिभेटिभ्स (**Derivatives**) उपकरण सम्बन्धी कारोबारहरु गर्ने । सुन, चांदी, शेयर, डिबेञ्चर, बण्ड आदि खरिद बिक्री गर्ने, शेयरको लाभांस तथा प्रतिज्ञापत्र, डिवेन्चर, बण्ड आदिको ब्याज असुल उपर गर्ने ।

थ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा अन्य सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा अन्य सुरक्षणको ब्याज आदि उठाईदिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल अधिराज्यभित्र वा विदेशमा समेत पठाउने ।

द) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी विल, ऋणपत्र वा अन्य वित्तीय उपकरण खरीद बिक्री गर्ने वा सकार गर्ने ।

ध) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने ।

न) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने ।

प) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानका लागि व्यक्तिगत वा सामूहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकम सम्म कर्जा दिने ।

फ) आफु तथा अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा तथा वित्तीय सुविधा लिने ऋणी वा ग्राहकको

विवरण, सुचना वा जानकारी नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको कुनै संस्था वा कुनै बैंक तथा वित्तीय संस्था बीच लिने दिने ।

ब) अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा तथा अन्य वित्तीय सुविधा/सेवा उपलब्ध गराउन जमानी बस्ने ।

भ) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, नयाँ निष्काशन (फर्दर पब्लिक ईस्यू), डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

म) आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्र प्राप्त संस्था बाट/लाई कर्जा सुविधा लिनेदिने ।

य) परियोजना स्थापना, संचालन र मूल्यांकन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषण, अनुगमन, निरीक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गर्ने गराउने ।

र) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने ।

ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा तथा अन्य वित्तीय सुविधा/सेवा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने ।

व) आफ्नो चल अचल जायजेथा धितो राखी वा नराखी कर्जा तथा अन्य सुविधा/सेवा लिने ।

श) नेपाल राष्ट्र बैंकको निर्देशन तथा सञ्चालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने ।

ष) आफ्नो जायजेथाको उचित प्रवन्ध वा बिक्री गर्ने ।

स) बचत परिचालनको निमित्त विभिन्न योजना संचालन गर्ने ।

ह) बैंकबाट लिएको कर्जा तथा अन्य वित्तीय सुविधा जुन कामको निमित्त लिएको हो, सो काममा लगाएको छ/छैन अनुगमन गर्ने ।

क्ष) आफ्नो कारोवार संचालनको क्रममा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, कम्पनी तथा निकायवीच आवश्यकता अनुसार आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने ।

त्र) ट्रष्ट वा ट्रष्टीको काम गर्ने र ट्रष्ट वा ट्रष्टीको रुपमा प्राप्त गरेको सम्पत्तिको प्रवन्ध गर्ने ।

ज्ञ) बैंक तथा अन्य प्रतिष्ठानहरुका कामदार/कर्मचारीहरुको कल्याण र हित तथा सो सम्बन्धी कामको लागि संचय कोष, उपदान कोष, निवृत्तिभरण कोष र अन्य आवश्यक वा उपयुक्त कोषहरुको स्थापना तथा व्यवस्थापन गर्ने । साथै त्यस्तो कोषको व्यवस्थाका लागि आवश्यक सहजता प्रदान गर्ने ।

कक) बैंकको काम कारोवार संचालनको लागि आवश्यक पर्ने वा उपयोगी वा लाभदायक हुन सक्ने खालको द्विपक्षीय वा बहुपक्षीय सम्झौतामा सहभागी हुने ।

कख) बैंकलाई आवश्यक भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको शेयर पूँजीमा विदेशी व्यक्ति, बैंक, वित्तीय संस्था वा संगठित संस्थालाई सहभागी गराउने ।

कग) बैंकको प्रवन्ध र अन्य प्राविधिक सहयोगको लागि आवश्यक भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी बैंक, कम्पनी, फर्म वा संस्थासँग प्राविधिक सेवा संझौता (टेक्निकल सर्भिसेस एग्रिमेन्ट) गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहकार्य (टेक्निकल कोलाबरेशन) गर्ने ।

कघ) बैंकको काम कारोबार संचालन गर्नको लागि बैंक व्यवसाय, व्यवस्थापन, वित्त व्यवसाय आदि सम्बन्धी विशेषज्ञ व्यक्ति, संस्था, फर्म वा कम्पनी समेतबाट सरसल्लाह लिने वा उचित शर्तहरुको आधारमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको संचालन वा व्यवस्थापनको जिम्मा दिने ।

कङ) बैंकलाई आवश्यक भएको माल सामान, उपकरण, मेसिन औजारहरु आयात गर्ने, खरीद गर्ने र सम्भार गर्ने ।

कच) बैंकको प्रयोजनको लागि चल अचल सम्पत्तिहरु प्राप्त गर्ने, धारण गर्ने र हक भोग तथा चलन गर्ने ।

कछ) बैंकको लागि आवश्यक पर्ने सवारी साधनहरु खरीद गर्ने, भाडामा लिने वा अन्य तरीकाबाट प्राप्त गर्ने ।

कज) बैंकको आवश्यकता अनुसार सल्लाहकार, पदाधिकारी, विशेषज्ञ, परामर्शदाता, लेखा परीक्षक, कानूनी सल्लाहकारको नियुक्ति गर्ने र उनीहरुको पारिश्रमिक र सुविधाको व्यवस्था गर्ने ।

कझ) बैंकको संस्थापना गर्दा लागेको र अन्य प्रारम्भिक खर्चहरु व्यहोर्ने ।

कञ) बैंकको संस्थापन, संचालन, व्यवस्थापन तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक खर्च गर्ने, शुल्क तिर्ने, प्रकाशन, प्रसारण लगायतका विभिन्न संचार माध्यमबाट बैंकको विज्ञापन तथा प्रचारप्रसार गर्ने र सो वापत खर्च गर्ने । उपहार, चिट्ठा आदि स्किमको माध्यमबाट बैंकका उत्पादनहरुको प्रवर्द्धन, विज्ञापन, प्रचारप्रसार गर्ने र सो वापत खर्च गर्ने ।

कट) सामाजिक दायित्व निर्वाह गर्दै गरीब तथा जेहेनदार विद्यार्थीलाई छात्रबृत्ति तथा असहाय, अनाथ, उत्पीडित, अशक्त व्यक्ति, विपन्न वर्ग, पिछडिएका समूहका व्यक्तिको उत्थानका लागि सहयोग गर्ने तथा विभिन्न संघ संस्थालाई चन्दा, उपहार तथा आर्थिक सहायता दिने र/वा सो प्रयोजनका लागि स्वतन्त्र गैर नाफामूलक सामाजिक संस्था दर्ता गरी उपर्युक्त कार्यमा योगदान दिने तथा अन्य व्यक्ति/संस्थाहरुसँग सहकार्य गर्ने ।

कठ) प्रचलित कानूनको अधीनमा रही बैंकको कार्य संचालन र हितको प्रवर्द्धनको लागि जनसम्पर्क अभिबृद्धि गर्ने र सोको लागि आवश्यक खर्च व्यहोर्ने र राष्ट्रिय, अन्तर्राष्ट्रिय, स्वदेशी तथा विदेशी संघ संस्थाहरुसँग पत्राचार गर्ने, सम्पर्क स्थापना गर्ने, स्वदेशी तथा विदेशी बैंक तथा वितीय संस्थाहरुबाट ऋण लिने ।

कड) बैंक संचालनको लागि आवश्यक पर्ने कर्मचारी तथा कामदारहरु नियुक्त गर्ने ।

कढ) कर्मचारी तथा कामदारहरुको नियुक्ति, सरुवा, बढुवा, तलब भत्ता, सुविधा, कार्यालय काम कारवाही आदि बारे सेवा शर्त सम्बन्धी नीति नियम लागु गर्ने ।

कण) बैंकको तर्फबाट नालिश उजुर गर्ने, प्रतिवाद गर्ने, बहशपैरवी गर्ने गराउने, प्रतिरक्षा गर्ने, मिलापत्र गर्ने, परित्याग गर्ने र बैंकको ऋण असुल उपर गर्ने, दावी वा मागहरु पूरा गर्ने ।

कत) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कानूनको अधीनमा रही आवश्यक भएमा आफ्नो शेयर आफैं खरिद गर्ने ।

कथ) नेपाल राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो उद्देश्य पुर्तिका लागि गर्नु पर्ने आवश्यक अन्य काम कारोबारहरु गर्ने ।

कद) प्रचलित कानूनको अधीनमा रही निर्जीवन तथा जीवन बीमा अभिकर्ताको रुपमा काम

गर्ने, **Bancassurance** तथा बीमा कम्पनीहरुद्वारा जारी गरिएको बीमालेख वितरण सम्बन्धी कार्य गर्ने ।

कध) नेपाल राष्ट्र बैंकको पूर्वस्विकृति लिई विदेशमा विदेशी बैंक तथा वित्तीय संस्थाहरुलाई पूँजीगत लगानी नहुने गरी गैह्र कोषमा आधारित विभिन्न प्राविधिक सेवा **(Technical Service)** प्रदान गर्ने ।

कन) माथि उल्लेखित उद्देश्य प्राप्तिको निमित्त प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंक र/वा सम्बन्धित निकायको स्वीकृती लिई बैंकको पुर्ण वा आंशिक स्वामित्वमा वा संयुक्त लगानीमा नेपाल भित्र वा विदेशमा कुनैपनि सहायक कम्पनी र सोको शाखा, उपशाखा, सम्पर्क कार्यालय खोल्ने ।

कप) सामुहिक कोष तथा एकात्मक बचत योजनाहरुको प्रायोजन गर्ने, व्यवस्था गर्ने तथा जारी गर्ने ।

कफ) एक वा अनेक बैंकहरु वा वित्तीय संस्थाहरुको मार्फत् वा संयुक्त भई वा सिधै स्टकहरु, शेयरहरु, बण्डहरु, डिबेन्चरहरु प्रत्याभुति (अण्डरराईट) गर्ने व्यवस्था गर्ने र वितरण गर्ने ।

कब) विदेशी बैंक तथा वित्तीय संस्थाहरुमा लगानी गर्ने र त्यस्ता संस्थाको शेयर खरीद गर्ने ।

कभ) बैंकको सहायक कम्पनीको रुपमा लघुवित्त-वित्तीय संस्था स्थापना गरी लघुवित्त कार्यक्रम सञ्चालन गर्ने ।

कम) प्रचलित कानून बमोजिम आवश्यक स्वीकृति लिई बैंकले आवश्यकता अनुसार "घ" वर्गको लघुवित्त सहायक कम्पनी र मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना गर्न सक्नेछ ।

कय) बैंकले प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ ।

कश) बैंकले आवश्यकता अनुसार सहायक कम्पनी स्थापना गरी प्रचलित कानून बमोजिम आवश्यक स्वीकृती लिई धितोपत्र व्यवसायी/ धितोपत्र दलाल सम्बन्धी कार्य गर्न सक्नेछ ।

कष) बैंकले विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने ।

कस) बैंकले प्रचलित कर्जा अपलेखन विनियमावलीको अधिनमा रही कर्जा अपलेखन गर्ने ।

कह) बैंकले प्रचलित कानून बमोजिम दुई वा दुई भन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने ।

## ५. बैंकको पूँजीको संरचना:

१) बैंकको अधिकृत पुँजी रु.११,५७,००,००,०००।- (अक्षरेपि एघार अर्ब सन्ताउन्न करोड मात्र) हुनेछ । उक्त पुँजीलाई रु. १०० का दरको ११,५७,००,००० (अक्षरेपि एघार करोड सन्ताउन्न लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिने छ ।

२) बैंकको जारी पुँजी रु. ११,५६,४०,०५,३६६।०० (अक्षरेपि एघार अर्ब छपन्न करोड चालिस लाख

पाँच हजार तीन सय छैसट्ठी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका ११,५६,४०,०५३ (एघार करोड छपन्न लाख चालीस हजार त्रिपन्न मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३) बैंकको चुक्ता पुँजी रु. ११,५६,४०,०५,३६६।00 (अक्षरेपि एघार अर्ब छपन्न करोड चालिस लाख पाँच हजार तीन सय छैसट्ठी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका ११,५६,४०,०५३ (एघार करोड छपन्न लाख चालीस हजार त्रिपन्न मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

४) बैंकको जारी पूँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ :–

क) समूह "क" का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत ।

ख) समूह "ख" का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत । यस समूहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

५) जुन समूहबाट शेयर नामसारी वा खरीद गरेको हो, सो खरीद वा नामसारी गर्ने व्यक्ति वा संस्था पनि सोही समूहमा समावेश हुनेछ ।

६) उपदफा (४) बमोजिमको शेयरको स्वामित्वको अनुपातमा वा शेयर पूँजीमा थपघट गर्नु परेमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

७) नेपाल राष्ट्र बैंकले पूँजी बढाउँनका लागि बैंकलाई निर्देशन दिएमा सो निर्देशन बमोजिम प्रचलित कानूनको अधीनमा रही बैंकले आफ्नो पूँजी बढाउनु पर्नेछ ।

**६. बैंकको शेयरको किसिम:**

यस बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ:

क) तत्कालका लागि बैंकका सबै शेयरहरु साधारण शेयरहरु हुन् । भविष्यमा पूँजीको आवश्यकता तथा सो को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेवल), फिर्ता नहुने (ईरिडिमेवल) तथा अन्य प्रकारका शेयरहरु बैंकले जारी गर्न सक्नेछ ।

ख) अग्राधिकार शेयर लगायत अन्य कुनै पनि शेयरको संख्या, प्रतिशेयरको मूल्य, त्यस्ता शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था तथा यस्ता शेयर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून एवं नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही बैंकले निर्धारण गर्नेछ ।

ग) बैंकले भविष्यमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कन्भर्टीवल ऋणपत्रहरु (**Convertible Debenture**) जारी गर्न सक्नेछ ।

**७. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज: शेयर खरिद वा हस्तान्तण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व

अनुपात परिवर्तन गरिने छैन ।

ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म बैंकको संस्थापकले आफ्नो नाममा रहेको शेयर विक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहेमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंकले कारोवार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ ।

तर, यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै संस्थापकको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालाको नाममा नामसारी हुने भएमा उपदफा (ग) को बन्देज लागु हुनेछैन ।

ङ) सार्वजनिक रुपमा बिक्री गरिने शेयर कुनै एक व्यक्तिले कम्तिमा १०(दश) थान र बढीमा बैंकको जारी पुँजीको दुई प्रतिशतसम्म खरीद गर्न सक्नेछ । त्यसरी शेयर खरीद गरेपछि बिक्री, अंशबण्डा, अपुताली, दामासाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा विभाजन गर्दा सो न्युनतम वा अधिकतम संख्या भन्दा कम वा वढी कायम हुने गरी नामसारी दाखिल, खारेज गरिने छैन ।

तर, कुनै कार्यकारण परी कुनै व्यक्ति वा संस्थाले बैंकको जारी पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गर्न चाहेको खण्डमा संचालक समितिको पूर्वस्वीकृति लिई राष्ट्र बैंकको नीति निर्देशनको अधीनमा रही खरीद गर्न सक्नेछन् । हकप्रद शेयर र वोनस शेयरको हकमा भने यो प्रतिबन्ध लागु हुने छैन ।

च) बैंकको शेयर खरीद गर्दा शत प्रतिशत रकम नगदमा भुक्तानी गर्नुपर्नेछ ।

छ) बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानूनको व्यवस्थाको अधीनमा रही खरिद गर्नेछ ।

ज) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिब वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक बर्षसम्म बैंक वा बैंकको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवार वा आफ्नो परिवार को नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न गराउन, गर्नदिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुदैन ।

तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागु हुने छैन ।

झ) कसैले माथि खण्ड (ज) को विपरीत काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

ञ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय

संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून, प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**८. शेयरको रकम भुक्तानीका शर्तहरु :शेयरको रकम भुक्तानी शर्तहरु देहाय बमोजिम हुनेछः**

क) बैंकले आफ्नो शेयर खरिदका लागि सर्वसाधारणबाट दरखास्त आव्हान गर्दा शेयरको अंकित मूल्यको शतप्रतिशत रकम दरखास्तसाथ माग गर्नेछ ।

ख) शेयरवापतको रकम शेयरधनीहरुले निर्धारित समयमा बुझाउनु पर्नेछ ।

ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, म्याद थप गर्ने, म्याद दिने आदि कुराहरु तथा बैंकको शेयरको रकम भुक्तानीका अन्य शर्तहरु नियमावली तथा प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

**९. अन्य आवश्यक कुराहरुः**

१) बैंकको संस्थापना गर्दा लागेको खर्च बैंकले नै व्यहोर्नेछ ।

२) बैंकको शेयर वापतको रकमको भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

३) बैंकले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो कारोबार संचालनका लागि आवश्यक विनियमहरु बनाई लागु गर्न सक्नेछ ।

६) बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन ।

७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदाताहरुको सेवा लिन सक्नेछ ।

८) बैंकले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नु पर्नेछ ।

९) बैंक अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

१०) बैंकको काम कारबाही संचालनका लागि एक छुट्टै छाप हुनेछ, नियमावलीमा व्यवस्था भए बमोजिम त्यस्तो छापको प्रयोग हुनेछ ।

११) बैंकले आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१२) बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, धारण गर्न, खरीद बिक्री गर्न, धितोबन्धक लिन, दिन, दान दातव्य दिन वा कुनै व्यहोराले तह लगाउन सक्नेछ ।

१३) बैंकका शेयरधनीहरुको दायित्व निजहरुले लिएको वा लिन मन्जुरी गरेको शेयरको अधिकतम रकमसम्म सीमित हुनेछ ।

१४) बैंकका सबै कामहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी

कानून, प्रचलित कम्पनी सम्बन्धी कानून, बैंकको प्रवन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम संचालन हुनेछन् ।

१५) खारेजी र बचाउ:

क) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको प्रवन्धपत्र संशोधन गरी इजाजतपत्र प्राप्त गर्नुभन्दा अगावै नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडबाट मिति २०५४।०२।१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको बैंकको उक्त प्रवन्धपत्र तथा सोमा भएका संशोधनहरु खारेज गरिएको छ ।

ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारबाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।

ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुको सहीछाप, सो प्रबन्धपत्र मस्यौदा गर्ने कानून व्यवसायी/चार्टर्ड एकाउन्टेन्टले प्रमाणित गरेको कुरा तथा निजको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

## १०. प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने:

यस प्रवन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस प्रवन्धपत्रमा उल्लिखित कुनै प्रावधान नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ र यस प्रवन्धपत्रमा उल्लेख नभएका कुराहरुको हकमा उल्लिखित कानून बमोजिम हुनेछ ।

## ११. प्रवन्धपत्रमा संशोधन:

१) यस प्रवन्धपत्रमा बैंकले कुनै संशोधन गर्नु पर्ने भएमा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम साधारण सभामा विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र लागू भएको मानिनेछ ।

२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा लागू हुने अन्य प्रचलित कानूनमा कुनै संशोधन वा परिवर्तन भएमा यस प्रवन्धपत्रमा भएका व्यवस्थाहरु पनि सोही बमोजिम स्वत: संशोधन वा परिवर्तन भएको मानिनेछ र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गरी मिलाउनु पर्नेछ ।

## १२. संस्थापकहरुले तत्काल लिन कबुल गरेका शेयर संख्या:

हामी साविकमा नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड हाल एनआईसी एशिया बैंक लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौं ।

| सि.नं. | संस्थापकहरुको नाम, थर तथा वतन र सहीछाप | लिन मन्जुर गरेको शेयर संख्या | साक्षीहरुको नाम, थर वतन र सहीछाप |
|---|---|---|---|
| १ | नाम: जगदीश प्रसाद अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं.९ , ९/७१ मेनरोड, मोरङ<br>सही: द..................... | १,१७,८५८ | नाम: शम्भु पौडेल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं.९, मोरड.<br>सही: द..................... |
| २ | नाम: लोकमान्य गोल्छा<br>ठेगाना: काठमाडौं, महानगरपालिका वडा नं.२२, गणबहाल<br>सही: द..................... | ५२,६७९ | नाम: राजेन्द्र गिरी<br>ठेगाना: का.जि.का.म.न.पा. वडा नं.२४<br>सही: द..................... |
| ३ | नाम: त्रिलोक चन्द अग्रवाल<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२ ,लाजिम्पाट<br>सही: द..................... | १,०५,३५७ | नाम: संजय कुमार श्रीवास्तव<br>ठेगाना: ल.पु.उ.म.न.पा. वडा नं.२<br>सही: द..................... |
| ४ | नाम: दिवाकर गोल्छा<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२२, गणबहाल<br>सही: द..................... | ५२,६७८ | नाम: भवानी हेरा तुलाधर<br>ठेगाना: घ१६/२३, वडा नं. २७, काठमाडौं महानगरपालिका<br>सही: द..................... |
| ५ | नाम: बासुदेव गोल्याण<br>ठेगाना: शाह उद्योग बिराटनगर उपमहानगरपालिका, वडा नं. १७, मोरङ.<br>सही: द..................... | ६१,६०७ | नाम: शिवशंकर अग्रवाल<br>ठगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ८, मोरङ<br>सही: द..................... |
| ६ | नाम: तुलसीराम अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ९ , ९/७१ मेनरोड, मोरङ<br>सही: द..................... | १,०५,३५७ | नाम: राजेश कर्ण<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ८<br>सही: द..................... |
| ७ | नाम: पवन कुमार गोल्याण<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५, बानेश्वर हाइट<br>सही: द..................... | ६१,६०७ | नाम: अशोक कुमार अग्रवाल<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट<br>सही: द..................... |
| ८ | नाम: सुभाष चन्द्र संघाई<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५ ,इन्द्रचोक<br>सही: द..................... | १,०५,३५७ | नाम: अतुल खड्का<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५, कलंकी<br>सही: द..................... |
| ९ | नाम: निर्मल कुमार अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं.९ , ९/७१ मेनरोड, मोरङ<br>सही: द..................... | ८७,५०० | नाम: एकराम महर्जन<br>ठेगाना: हरिसिद्धि गा.वि.स. ललितपुर उपमहानगरपालिका ललितपुर, वडा नं.४<br>सही: द..................... |
| १० | नाम: राष्ट्रिय वाणिज्य बैंक<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं. ५, टंगाल<br>सही: द..................... | ६२,५०० | नाम: प्रदिप राज सत्याल<br>ठेगाना: काठमाडौं महानगरपालिका, वडा नं. १ टंगाल, गैरीधारा<br>सही: द..................... |

मैले मस्यौदा गरेको यस प्रवन्धपत्रमा संस्थापक तथा साक्षीहरुले मेरो सामुन्नेमा हस्ताक्षर गरेका हुन् र प्रवन्धपत्रमा प्रचलित कानूनसँग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको

क) नाम : रत्नराज बज्राचार्य
ख) दस्तखत :
ग) प्रमाणपत्र नं. : क १२४।०४९, २०४९/०९/२
घ) मिति : २०५४।२।१०

## बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कारोबार गर्ने कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरहरुमा सीमित दायित्व भएको)

### एन आई सी एशिया बैंक लिमिटेडको

# नियमावली

१. यस कम्पनीको नाम "एन आई सी एशिया बैंक लिमिटेड" रहेको छ, यसलाई अंग्रेजीमा NIC ASIA Bank Limited भनिनेछ । छोटकरीमा यसलाई एन आई सी एशिया बैंक (NIC ASIA Bank) र यसपछि बैंक भनिनेछ ।

२. **बैंकको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**

१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथली स्थित ट्रेड टावर नेपालमा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ ।

२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर रहनेछ ।

**२ क. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

क. "प्रचलित कम्पनी सम्बन्धी कानून" भन्नाले कम्पनी ऐन २०६३ सम्झनुपर्छ । उक्त शब्दावलीले सो ऐनको सट्टामा जारी हुने अन्य अध्यादेश वा ऐन तथा सोमा समय समयमा हुने संशोधन समेतलाई जनाउनेछ ।

ख) "प्रचलित बैंक वा वित्तीय संस्था सम्बन्धी कानून" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनुपर्छ । उक्त शब्दावलीले सो ऐनको सट्टामा जारी हुने अन्य अध्यादेश वा ऐन तथा सोमा समय समयमा हुने संशोधन समेतलाई जनाउनेछ ।

ग) "प्रवन्धपत्र" भन्नाले बैंकको प्रवन्धपत्र सम्झनुपर्छ र सो शब्दले समय समयमा त्यसमा भएको संशोधन समेतलाई जनाउँछ ।

घ) "नियमावली" भन्नाले बैंकको नियमावली सम्झनुपर्छ र सो शब्दले समय समयमा त्यसमा भएको संशोधन समेतलाई जनाउँछ ।

ङ) "संस्थापक" भन्नाले बैंकको शेयर लिन कबुल गरी प्रवन्धपत्र र नियमावलीमा संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले राष्ट्र बैंकले निर्धारण गरिदिएको कार्यविधीको अधीनमा रही संस्थापक शेयर धारण गर्ने व्यक्ति समेतलाई जनाउनेछ ।

च) "बैंक" भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीका रुपमा दर्ता भई वित्तीय सेवा सम्बन्धी व्यवसाय-कारोवार गर्न स्थापना भएको एन आई सी

एशिया बैंक लिमिटेड सम्झनु पर्छ ।

छ) "कम्पनी" भन्नाले एन आई सी एशिया बैंक लिमिटेड सम्झनुपर्छ ।

ज) "संचालक समिति" वा "समिति" भन्नाले बैंकको संचालक समिति सम्झनुपर्छ ।

झ) "संचालक" भन्नाले संचालक समितिको सदस्यलाई सम्झनुपर्छ र सो शब्दले अध्यक्ष र बैकल्पिक संचालक समेतलाई जनाउँछ ।

ञ) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले कार्यकारी अध्यक्ष समेतलाई जनाउँछ ।

ट) "कार्यकारी प्रमुख" भन्नाले बैंक संचालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बैंकको कार्यकारी प्रमुखको रुपमा कामकाज गर्ने कार्यकारी अध्यक्ष र प्रबन्ध सञ्चालक समेतलाई जनाउँछ ।

ठ) "कम्पनी सचिब" भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम नियुक्त बैंकको कम्पनी सचिब सम्झनुपर्छ ।

ड) "नेपाल राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत स्थापित नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

ढ) "सम्बन्धित कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय वा नेपाल सरकारले समय समयमा तोकेको अन्य कुनै विभाग, कार्यालय वा निकाय सम्झनुपर्छ ।

ण) "ग्राहक" भन्नाले बैंकसँग कारोवार गर्ने कुनै पनि व्यक्ति, फर्म, संस्थान, संस्था, कम्पनी वा अन्य कुनै प्रतिष्ठान/निकाय सम्झनुपर्छ ।

त) "साधारण सभा" भन्नाले बैंकका शेयरधनीहरुको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनुपर्छ ।

थ) "शेयर" भन्नाले बैंकको शेयर पूँजीको विभाजित अंशलाई सम्झनुपर्छ ।

द) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भई बैंकको शेयरधनीहरुको लगत कितावमा शेयरधनीको रुपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्दछ ।

ध) "क समूहका शेयरधनी" भन्नाले संस्थापक शेयरधनीहरु सम्झनु पर्दछ ।

न) "ख समूहका शेयरधनी" भन्नाले सार्वजनिक रुपमा बिक्री भएको शेयर खरीद गर्ने शेयरधनीहरु सम्झनु पर्दछ ।

प) "शेयर प्रमाणपत्र" भन्नाले बैंकको शेयर किन्ने व्यक्तिलाई बैंकबाट प्रमाणको रुपमा दिइएको निस्सा सम्झनुपर्छ ।

फ) "लाभांश" भन्नाले बैंकले यस ऐन तथा प्रचलित कानून बमोजिम दिने नगद लाभांश, अन्तरिम लाभांश वा बोनस शेयर सम्झनु पर्छ ।

ब) "बोनस शेयर" भन्नाले कम्पनीको मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरुलाई अतिरिक्त शेयरको रुपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता मुल्य बृद्धि गरेको अवस्था समेतलाई जनाउँछ ।

भ) "तरल सम्पत्ति (Liquid Assets)" भन्नाले बैंकको नगद मौज्दात, बैंकले चल्ती खातामा राखेको मौज्दात, मागेको वखत झिक्न सकिने गरी राखेको मौज्दात वा खाता, बैंकले

राष्ट्र बैंकमा राखेको मौज्दात र राष्ट्र बैंकले समय समयमा तरल सम्पत्ति भनी निर्धारण गरिदिएको सम्पति सम्झनु पर्दछ ।

म) "निक्षेप" भन्नाले ब्याज वा विना ब्याज दिने गरी बैंकको चल्ती, बचत वा मुद्दती खातामा ग्राहक मार्फत जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम बैंकले विभिन्न बैंकिङ्ग तथा वितीय उपकरणको माध्यमबाट स्वीकार गरेको रकम समेतलाई जनाउँछ ।

य) "खाता" भन्नाले चल्ती, वचत, मुद्दती, मार्जिन, कल, एस्क्रो तथा अन्य निक्षेप एवं बैंकमा राखिएको रकमको हरहिसाब लेखिएका सबै प्रकारका खाताहरु सम्झनु पर्दछ ।

र) "चल्ती खाता" भन्नाले ग्राहकले चाहेको बखत जहिले पनि झिक्न पाउने गरी बैंकमा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनुपर्छ ।

ल) "बचत खाता" भन्नाले बैंकमा बचतको रुपमा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनुपर्छ ।

व) "मुद्दती खाता" भन्नाले ग्राहकले बैंकमा निश्चित अवधिसम्म सामान्यतया निक्षेप झिक्न नपाउने गरी जम्मा गरी राखेको रकमको हरहिसाब लेखिएको आवधिक खाता सम्झनु पर्छ ।

श) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति वा कम्पनी, संस्था वा प्रचलित कानून बमोजिम संस्थापित अन्य संगठित संस्था सम्झनुपर्छ ।

ष) "लेखापरीक्षक" भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून अनुसार नियुक्त लेखापरीक्षक सम्झनुपर्छ र सो शब्दले बैंकको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकको पद रिक्त हुन गएको अवस्थामा संचालक समितिद्वारा नियुक्त वा प्रचलित कानून बमोजिम नियमन गर्ने अधिकारीले नियुक्त गरेको लेखापरीक्षकलाई समेत जनाउँछ ।

स) "आर्थिक बर्ष" भन्नाले बिक्रम सम्बत् अनुसार श्रावण १ गते शुरु भई आगामी आषाढ मसान्तमा समाप्त हुने अवधि सम्झनुपर्छ ।

ह) "छाप" भन्नाले बैंकको नामबाट प्रयोग गरिने सामान्य छाप सम्झनु पर्दछ ।

क्ष) "डिबेन्चर" भन्नाले प्रचलित कानून बमोजिम बैंकले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र, सुरक्षणपत्र, वण्ड वा त्यस्तै प्रकारका अन्य वितिय उपकरण सम्झनुपर्छ ।

त्र) "विनिमयपत्र (बिल अफ एक्सचेन्ज)" भन्नाले कुनै निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त कुनै निश्चित रकम दिनु भनी कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई निर्देशन गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।

ज्ञ) "प्रतिज्ञापत्र (प्रमिसरी-नोट)" भन्नाले निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेका बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त कुनै निश्चित रकम दिन्छु भनी कबुल गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।

कक) "पूँजीकोष" भन्नाले राष्ट्र बैंकले तोके बमोजिमको बैंकको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा तोकेको अन्य कोष वा रकम समेतलाई जनाउँछ ।

कख) "प्राथमिक पूँजी" भन्नाले बैंकको चुक्ता पूँजी, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर, साधारण जगेडा कोष र संचित नाफा-नोक्सान शीर्षकमा रहेको रकम सम्झनुपर्छ र सो शब्दले नेपाल राष्ट्र बैंकले समय समयमा प्राथमिक पूँजी भनी तोकिदिएको अन्य शीर्षकमा रहेको रकम समेतलाई जनाउँछ ।

कग) "पूरक पूँजी" भन्नाले नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिएका शीर्षकहरुमा रहेको बैंकको रकम सम्झनुपर्छ ।

कघ) "लिखत" भन्नाले हस्तलिखित, छापिएको, टाइप गरिएको, लिथो गरिएको वा अन्य कुनै किसिमले हुवहु प्रस्तुत वा पुनरउत्पादन गरिएको कुनै पनि लिखत सम्झनु पर्दछ । सो शब्दले फोटोकपी, माईक्रो फिल्म, बैंकले उपयोगमा ल्याएको सूचना प्रणाली (इन्फरमेसन टेक्नोलोजी) तथा कम्प्युटर सफ्टवेयरबाट नियमित रुपमा उत्पत्ती (जेनेरेट) हुने स्टेटमेन्ट, प्रतिवेदन, सूचना, समेतलाई जनाउँनेछ ।

कङ) "सुरक्षण (सेक्युरिटी)" भन्नाले कर्जा वा अन्य वित्तीय सुविधा/सेवा लिंदा दिंदा प्रचलित नेपाल कानून बमोजिम धितो राख्न सकिने वा अन्य कुनै प्रकारबाट सुरक्षणको हक सृजित हुने गरी स्वीकार तथा ग्रहण गर्न सकिने सम्पत्ति वा तत् सम्बन्धी लिखत वा बैंकलाई मान्य हुने कुनै पनि सुरक्षण वा त्यस्तो सुरक्षण माथिको हक सम्झनु पर्दछ ।

कच) "वित्तीय कारोबार" भन्नाले प्रवन्धपत्र, यस नियमावली, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम बैंकले गर्ने कारोबार सम्झनु पर्दछ ।

कछ) "विद्युतीय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्स्फर)" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्यागनेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट हुने कारोबार र चार्ज कार्ड, डेविट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ ।

कज) "वित्तीय स्वार्थ" भन्नाले सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको परिवार वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरुको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको संस्थामा रहेको निजहरुको स्वार्थ सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा वित्तीय कारोवारको प्रकृति र अवस्था हेरी वित्तीय स्वार्थ भनी तोकिदिएको स्वार्थ समेतलाई जनाउँछ ।

कझ) "परिवार" भन्नाले सम्वन्धित व्यक्तिको पति वा पत्नी, छोरा, वुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ वुहारी र दिदी बहिनी सम्झनु पर्छ ।
तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

कञ) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम बैंक वा वित्तीय संस्थाको रुपमा कारोबार गर्न ईजाजतपत्रप्राप्त गरेको संस्था सम्झनुपर्छ ।

कट) "पदाधिकारी" भन्नाले बैंकका सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

कठ) "प्रतीतपत्र" भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले कुनै अर्को बैंक वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, वा विनिमेयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।

कड) "विनिमेय" भन्नाले विनिमेय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो हस्तान्तरण गर्ने काम सम्झनुपर्छ ।

कढ) "विनिमेय अधिकारपत्र" भन्नाले प्रतिज्ञापत्र, विनिमयपत्र वा चेक सम्झनु पर्छ ।

कण) "वासलात बाहिरको कारोबार" भन्नाले बैंकले दायित्व व्यहोर्नु पर्ने सम्भावना भएको प्रतितपत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमय सम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा तोकिदिएका उपकरणको कारोबार समेतलाई जनाउँछ ।

कत) "कर्जा" भन्नाले बैंकले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र साँवा, ब्याज वा अन्य दस्तुर बुझाउने गरी प्रवाह गरिएको रकम, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति, कर्जाको ब्याज वा अन्य दस्तुर, पुर्नकर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा अन्य वचनबद्धता सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ ।

कथ) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा एक वचन जनाउने शब्दले बहुवचन र बहुवचन जनाउने शब्दले एक वचन समेतलाई जनाउँछ ।

कद) माथि परिभाषित गरिएको शब्दावलीका अतिरिक्त यस नियमावलीमा प्रयुक्त अन्य शब्दावलीका हकमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानूनमा गरिएको परिभाषा लागु हुनेछ ।

३. **बैंकका उद्देश्यहरु:** बैंकको उद्देश्यहरु प्रवन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछन् ।

क. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: बैंकले आफ्नो उद्देश्य पूरा गर्न गर्ने कामको विवरण प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **बैंकको सभा बोलाउने तरीका र सभाको लागि दिनु पर्ने सूचना सम्बन्धी कुराहरु:**

१) बैंकको साधारण सभा देहाय बमोजिम हुनेछन्:

क) वार्षिक साधारण सभा

ख) विशेष साधारण सभा

२) बैंकको प्रथम वार्षिक साधारण सभा कारोवार गर्न स्वीकृती पाएको मितिले १ वर्षभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र बस्नेछ ।

३) बैंकको वार्षिक साधारण सभा गर्नको लागि संचालक समितिको वहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने स्थान, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीहरुलाई सूचना दिइनेछ ।

तर, स्थगित भएको साधारण सभा बोलाउँदा त्यस्तो सभामा नयाँ विषयमा छलफल नहुने भएमा कम्तीमा सात दिन अघि सो सभाको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएमा रीतपुर्वक सूचना दिएको मानिनेछ ।

४) उपनियम (३) बमोजिम अध्यक्षले संचालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्क विहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबु बाहिरको परिस्थितिले निजले संचालक समितिको बैठक वा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा संचालक समितिको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरि साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने संचालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित संचालकहरुले आफु मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुन: साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीत पुर्वकको सूचना दिइएको मानिनेछ ।

६) भुलवस कुनै शेयरधनीको ठेगानामा सूचना पठाउन छुट भएको वा सूचना प्राप्त नभएमा सोही कारणले मात्र कुनै साधारण सभामा भएको काम कारवाही वा पारित कुनै प्रस्तावहरु बदर वा अमान्य हुने छैनन् ।

७) साधारण सभाको अध्यक्षता बैंकको संचालक समितिको अध्यक्षले गर्नेछ ।

८) संचालक समितिलाई कुनै पनि साधारण सभा स्थगित गर्ने अधिकार हुनेछ । तर सभा स्थगन गर्नु पर्ने आवश्यकता भएमा नेपाल राष्ट्र बैंक र सम्बन्धित बिभागलाई यथाशीघ्र सो को सूचना दिइनेछ ।

**५. गणपुरक संख्या:**

बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन ।

तर नियम ४ को उपनियम ५ मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा बाँडफाँड भएको कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**६. साधारण सभाको कार्यविधि:**

१) साधारणसभाको अध्यक्षता बैंकको संचालक समितिको अध्यक्षले गर्नेछन् ।

२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा संचालकहरुले आफु मध्येबाट मनोनीत गरेको व्यक्तिले सभाको अध्यक्षता गर्नेछ ।

३) सभा शुरु हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपुरक संख्या पुगे नपुगेको यकीन गरिनेछ ।

४) गणपुरक संख्या पुगेको पाइएमा अध्यक्षले सभा विधिवत सञ्चालन गर्न अनुमति दिनेछन् ।

५) साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिनेछैन । मतदान गरिएको प्रत्येक विषयमा सभाको बहुमत शेयरको रायलाई सो सभाको निर्णय मानिनेछ । त्यस्तो राय लिँदा हात उठाउँन लगाई, ध्वनी मत, शेयरधनीहरुको समूह विभाजन, मतपत्रको प्रयोग लगायत अध्यक्षले तोकेको अन्य उपयुक्त प्रकृया अवलम्बन गर्न सकिनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र सो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ ।

६) सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकता अनुसार पालैपालोसँग बोल्ने गरी छलफलमा भाग लिनेछन् ।

७) सभामा पक्ष र विपक्षमा मत बराबर हुन गएमा (हात उठाउन लगाई वा मत खसाली वा ध्वनी मत वा शेयरवालाहरुको समूह विभाजन गरी वा अन्य तरीकाबाट दिइएको कुनै पनि मत) सभाका अध्यक्षले शेयरवालाको हैसियतमा आफूले दिन पाउने मत वा मतहरुको अतिरिक्त थप निर्णायक मत दिन पाउनेछ ।

८) साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले आवश्यकता अनुसार सभा स्थगित गर्न सक्नेछ । जुन साधारण सभा स्थगित भएको हो, सो सभा हुने दिन भन्दा पहिले वा पछि प्रचलित कम्पनी सम्बन्धी कानून अनुसार सूचना दिइएको कुनै पनि विषय उपर यसरी स्थगित भई बोलाइएको सभामा छलफल र निर्णय गर्न सकिनेछ ।

९) देहायका अवस्थामा बाहेक पहिले नै सूचित नगरिएका विषयमा साधारण सभामा कुनै निर्णय गर्न सकिने छैन:

क) यस नियमावलीका अन्य नियमहरुमा अन्यथा लेखिएकोमा बाहेक साधारण सभामा

मतदान गर्न पाउने बैंकको जम्मा शेयरको सत्सट्ठी प्रतिशत शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भई कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा,

ख) स्थगित भएको कुनै साधारण सभामा छलफका निमित्त सूचित गरिएको कुनै विषय भएमा ।

१०) अध्यक्ष आफैंले वा निजले तोकेको व्यक्तिद्वारा गोप्य मतद्वारा दिइएको मतको जाँच गर्नेछन् र त्यसपछि साधारण सभामा सोको परिणाम घोषणा गर्नेछन् ।

११) कुनै विषयमा मतदानको माग गरिएको कारणले सो विषयमा बाहेक अन्य कार्य सम्पादन गर्नको लागि सभा चालू राख्न बाधा पुर्‍याउने छैन ।

१२) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बाँकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिन भित्र लगातै बस्न सक्नेछ । यो सभामा त्यस्तो प्रस्ताव स्वतः समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।

(१३) साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**७. विशेष साधारण सभा**

१) प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको विशेष साधारण सभा सम्बन्धी व्यवस्था बमोजिम कुनै अवस्था उत्पन्न भएमा बैंकको विशेष साधारण सभा बोलाइनेछ ।

२) प्रचलित कम्पनी सम्बन्धी कानूनले विशेष साधारण सभाका लागि मात्र भनी विशेष रुपले गरिदिएका व्यवस्थाहरु वाहेक विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछन् ।

**८. संचालकको नियुक्ति, संख्या र कार्यकाल:**

(१) बैंकको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

२) यस बैंकमा महिला शेयरधनी रहेको अवस्थामा एकजना महिला सञ्चालक हुने गरी ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ:

क) संस्थापक समूह (समूह क) का शेयरधनीहरुवाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित ३ जना ।

ख) सर्वसाधारण समूह (समूह ख) का शेयरधनीहरुवाट निर्वाचित ३ जना ।

ग) प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनले तोके बमोजिमको योग्यता तथा अनुभव भएको स्वतन्त्र सञ्चालक १ जना ।

यस बैंकको बीसौं वार्षिक साधारण सभाबाट ४ वर्षको कार्यकालको लागि निर्वाचित भएका संचालकहरु र यस अघि नै प्रचलित कानून बमोजिम नियुक्त भै सकेका स्वतन्त्र संचालकको

पदावधि (कार्यकाल) पूरा भए पश्चात मात्र महिला संचालक सम्वन्धी व्यवस्था लागु हुनेछ । साथै कुनै कारणवश कुनै संचालकको पद रिक्त हुन आएमा निजको बाँकी पदावधीको लागि नियुक्त हुने संचालकको हकमा समेत उपरोक्त व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

३) बैंकको अध्यक्ष तथा संचालकको पदावधि बढीमा चार वर्षको हुनेछ र निज पुन: नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर, कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

४) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि संचालक समितिले अर्को संचालक नियुक्त गर्न सक्नेछ । कुनै संचालकको पद बीचमा रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यावधि सो संचालक जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी पदावधिसम्मको लागि मात्र हुनेछ । तर, कुनै संगठित संस्थाबाट मनोनित सञ्चालकको पद रिक्त भएमा सोही संस्थाले अर्को सञ्चालक नियुक्ति गर्नेछ ।

५) कुनै संगठित संस्थाले संचालक नियुक्त गर्दा वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछन्, त्यसरी नियुक्त बैकल्पिक संचालकलाई सम्बन्धित संचालकको अनुपस्थितिमा काम गर्ने अधिकार हुनेछ ।

६) संचालकहरुले आफु मध्येबाट छानेको कुनै एक जना संचालक समितिको अध्यक्ष हुनेछ ।

७) कुनै संचालकलाई हटाउनु पर्ने अवस्था परेमा जुन समूहबाट संचालक निर्वाचित भएको हो सोही समूहको बहुमत शेयरधनीले बैंकको साधारण सभाबाट प्रस्ताव पारित गरी संचालकलाई हटाउँन सकिनेछ । यसरी रिक्त भएको स्थानमा बाँकी अवधिको लागि सोही समूहले अर्को संचालकको निर्वाचन गर्न समेत सक्नेछ ।

**८क. संचालकको योग्यता र अयोग्यता:**

कुनै पनि व्यक्ति संचालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ:

१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानून अनुसार संचालकको पदमा बहाल रहन नसक्ने निर्धारित व्यवस्था बमोजिमको कुनै अवस्था उत्पन्न भएमा संचालकको पदमा बहाल कुनै पनि व्यक्ति सो पदमा कायम वा बहाल रहने छैन ।

२) नियम १३ मा उल्लेख भए बमोजिम संचालक हुन लिनु पर्ने न्युनतम शेयर लिएको हुनु पर्नेछ ।

३) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिए बमोजिमको योग्यता भएको र उक्त कानून र प्रचलित कम्पनी सम्बन्धी कानूनमा तोकिए बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

**८ख. संचालकको जवाफदेही र दायित्व:**

संचालकको जवाफदेही तथा दायित्व देहाय बमोजिम हुनेछ:

क) संचालकले बैंक मार्फत वा बैंकको कामको सिलसिलामा व्यक्तिगत लाभ लिने कुनै काम गर्न हुँदैन ।

ख) कुनै व्यक्ति संचालक नियुक्त भएपछि कार्यभार सम्हाल्नु भन्दा पहिले बैंकको कारोबारमा वा बैंकसंग भएको सम्झौता वा संलग्नतामा निजको निजी वा वित्तीय स्वार्थ भए त्यस्तो कुरा संचालक समितिलाई जानकारी गराउनु पर्नेछ ।

ग) बैंकको कारोबारको सिलसिलामा कुनै संचालकले व्यक्तिगत फाईदा लिएको पाइएमा सो रकम बैंकले त्यस्तो संचालकबाट असुलउपर गरी लिनेछ ।

घ) बैंकको संचालकको हैसियतले काम गर्ने व्यक्तिले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाहीप्रति बैंक उत्तरदायी हुने छैन ।

ङ) संचालकले आफ्नो व्यक्तिगत हितका लागि वा बैंकलाई हानी नोक्सानी पुऱ्याउनको निमित्त कुनै कारोबार गर्न लागेको हो भन्ने जानी जानी वा विश्वास गर्ने कारण भएर पनि कसैले त्यस्तो संचालक वा प्रतिनिधिसँग कुनै कारोबार गरेको रहेछ भने सो व्यक्तिले बैंक उपर त्यस्तो कारोबारको सम्बन्धमा कुनै दावी गर्न पाउने छैन ।

च) संचालकले बैंकको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन ।

छ) बैंकका संचालकले पालना गर्नु पर्ने गरी नेपाल राष्ट्र बैंकले समय समयमा दिएका निर्देशनलाई बैंकका संचालकले पालना गर्नु पर्नेछ ।

**९. संचालक समितिको बैठक बोलाउने:**

संचालक समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ । यसरी बैठक बोलाउँदा बैठक बस्ने मिति, स्थान, समय र छलफल गर्ने विषयहरु स्पष्ट खोली संचालकहरुलाई सूचना पठाउँनु पर्नेछ ।

**१०. संचालक समितिको बैठक:**

१) समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नेछ । तर, दुईवटा बैठकको बीचको फरक साठी दिन भन्दा बढी हुने छैन ।

२) संचालक समितिको बैठक आवश्यकता अनुसार बोलाइनेछ । कूल संचालक संख्याको कम्तीमा एकतिहाई संचालकहरुले बैठकमा छलफल गर्नुपर्ने विषय खोली लिखित रुपमा संचालक समितिको बैठक बोलाउँन माग गरेमा त्यस्तो माग प्राप्त भएको सात दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ । सो अवधिभित्र सञ्चालक समितिको बैठक नबोलाएमा त्यस्तो माग गर्ने सम्बन्धित संचालक आफैंले संचालक समितिको बैठक बोलाउन सक्नेछ ।

३) बैठकमा संचालकहरु आफैं उपस्थित हुनु पर्नेछ । संचालकको सट्टा संचालकको प्रतिनिधिको उपस्थिति मान्य हुने छैन ।

तर नियम ८ को उपनियम (५) बमोजिम बैकल्पिक संचालक नियुक्त भएको अवस्थामा सम्बन्धित संचालकको अनुपस्थितिमा बैकल्पिक संचालकले सम्बन्धित संचालक सरह उपस्थित हुन सक्नेछ ।

४) संचालकहरुको कूल संख्या मध्ये कम्तिमा ५१ प्रतिशत संचालकहरु उपस्थित नभई संचालक समितिको कुनै बैठक हुने छैन । उक्त संख्यामा संचालकहरु उपस्थित नभएको कारणले संचालक समितिको बैठक हुन नसकेमा प्रचलित कम्पनी सम्बन्धी कानूनको व्यवस्था

बमोजिम हुनेछ ।

तर, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम संचालक समितिको बैठकमा छलफल हुने कुनै विषयमा छलफल गर्न नपाउने (जस्तै सम्बन्धित संचालकसँग सम्बन्धित विषयमा छलफल गरिंदा) संचालकलाई गणपुरक संख्याको प्रयोजनका लागि गणना गरिने छैन ।

५) संचालक समितिका सबै बैठकहरुमा अध्यक्षले अध्यक्षता गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपस्थित संचालकहरुले आफु मध्ये बहुमतबाट छानेको कुनै एक जना संचालकले बैठकको अध्यक्षता गर्नेछ ।

६) अध्यक्षले अनुमति दिएमा बैठकको कार्य सूची (एजेन्डा) मा उल्लेख नभएका विषयहरुमा पनि छलफल गर्न सकिनेछ ।

७) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले संचालकको हैसियतले दिन पाउने मतका अतिरिक्त थप निर्णायक मत दिन सक्नेछन् ।

८) संचालक समितिको बैठकमा उपस्थित संचालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएका निर्णयको विवरण (माईन्युट) को छुट्टै अभिलेख राखिनेछ । त्यस्तो अभिलेख (माईन्युट बुक) मा  बैठकमा उपस्थित सम्पुर्ण संचालकले सही गरेको हुनु पर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गर्न सक्नेछ । कुनै सदस्यको सहि नभएको कारणले मात्र सो निर्णय अवैध भएको मानिने छैन ।

९) संचालक समिति वा संचालकहरुको कुनै उपसमितिले गर्न पाउने कुनै काम वा निर्णयको सम्बन्धमा संचालक समिति वा उपसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सम्बन्धित समितिको बैठकको निर्णय सरह मानिनेछ ।

१०) सञ्चालक समितिको बैठक भिडियो कन्फरेन्सिङ्गको माध्यमबाट पनि बस्न सकिनेछ । भिडियो कन्फरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखी बैठकको निर्णय उतार पुस्तिका (माइन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गर्न गरिनेछ ।

**११. संचालक नियुक्ति सम्बन्धी खास व्यवस्था:**

यस नियमावलीको नियम ८ मा उल्लेख भएको व्यवस्थाहरु बाहेक संचालक नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. साधारण सभाको निर्णयको अभिलेख र त्यसको प्रतिलिपी तथा निरीक्षण सम्बन्धी व्यवस्था:**

१) बैंकले साधारण सभामा भएको काम कारबाहीको विवरण (माईन्युट) एउटा छुट्टै किताबमा राख्नेछ, जसमा सम्बन्धित सभाको अध्यक्ष र कम्पनी सचिवले सही गर्नेछन् । त्यस्तो साधारण सभाको काम कारबाहीको विवरण (माईन्युट बुक) बैंकको रजिष्टर्ड कार्यालयमा राखिनेछ ।

२) साधारण सभाको काम कारबाहीको विवरण कुनै शेयरधनीले हेर्न चाहेमा कम्पनी सचिव वा

बैंकले तोकेको अन्य कुनै कर्मचारीले कार्यालय समयभित्र सो हेर्न दिने छन् ।

३) कुनै शेयरधनीले साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपी लिन चाहेमा प्रतिपृष्ठ रु. १०/- दस्तुर लिई कम्पनी सचिव वा कुनै संचालकले प्रतिलिपी प्रमाणित गरी दिनु पर्नेछ । बैंकले सो को प्रतिलिपि उपलब्ध गराउने छ ।

**१३. संचालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या:**

कुनै पनि व्यक्ति बैंकको संचालकको पदमा निर्वाचित हुनको लागि योग्य हुन बैंकको कम्तिमा १०० (एक सय) शेयर आफ्नो नाउँमा लिएको हुनुपर्नेछ ।

तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा र संचालक समितिले मनोनित गर्ने स्वतन्त्र वा व्यवसायिक विशेषज्ञ संचालकको हकमा यो व्यवस्था लागू हुनेछैन ।

**१४. प्रोक्सी मत सम्बन्धी व्यवस्था:**

१) बैंकका शेयरधनी बाहेकका अन्य व्यक्तिहरु प्रोक्सीको रुपमा नियुक्त हुनको लागि योग्य हुने छैनन् । कुनै शेयरधनी सभामा स्वयं उपस्थित हुन नस्कने भएमा निजले बैंकका अर्को शेयरधनीलाई आफ्नो प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

२) साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले यस नियमावली को व्यवस्था बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेमा बैंकले खडा गरेको शेयरधनीहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।

३) सम्बन्धित शेयरधनीको मृत्यु भएमा वा प्रतिनिधि (प्रोक्सी) लाई प्रदान गरिएको अख्तियारी रद्द गरिएको लिखित सूचना सभा शुरु हुनुभन्दा अगावै बैंकको मुख्य कार्यालयमा प्राप्त नभएमा शेयरधनीको प्रतिनिधि (प्रोक्सी) ले गरेको मतदान अवैध हुनेछैन । तर सम्बन्धित शेयरधनी सभामा आफैं उपस्थित भएको र निजको उपस्थिति बारे सभाको काम कारवाहीहरु शुरु हुनु अगावै अध्यक्षलाई सूचना दिइएमा शेयरधनीबाट प्रतिनिधि (प्रोक्सी) लाई दिइएको अख्तियारीपत्र स्वत: अमान्य हुनेछ ।

४) प्रतिनिधि नियुक्तिपत्र प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा हुनेछ । त्यस्तो प्रतिनिधि पत्र सभाको लागि तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको प्रधान कार्यालय वा शेयर रजिष्ट्रारको रुपमा कार्य गर्न बैंकले तोकेको कार्यालयमा दर्ता गराउँनु पर्नेछ ।

५) प्रतिनिधि (प्रोक्सी) को अख्तियारी रद्द गर्न वा सो लाई रद्द गरी अर्कोलाई दिन चाहेमा रद्द गरिएको सूचना सभाको लागि तोकिएको समय भन्दा कम्तिमा ३६ घण्टा अगावै बैंकको मुख्य कार्यालयमा पुगिसकेको हुनुपर्नेछ ।

६) एउटै साधारण सभामा उपस्थित हुनको लागि एक भन्दा बढी व्यक्तिहरु प्रतिनिधि (प्रोक्सी) नियुक्त भएमा माथि उपनियम (५) बमोजिम कुनै एक प्रोक्सी कायम गरिएकोमा बाहेक कुनै पनि प्रोक्सीले सभामा उपस्थित हुन तथा मतदान गर्न पाउने छैन ।

७) कुनै गुठी (ट्रष्ट), संस्था, कम्पनी वा नेपाल सरकार वा अन्य संगठित संस्थाले बैंकको शेयर लिएको अवस्थामा त्यस्ता शेयरधनीबाट मनोनित गरिएको प्रतिनिधिले शेयरवालाको हैसियतले मतदान गर्न सक्नेछ र त्यस्तो व्यक्तिलाई शेयरवालाको प्रतिनिधि (प्रोक्सी) ठानिने छैन । साथै त्यस्तो प्रतिनिधिले संचालकको निर्वाचनमा आफ्नो उम्मेद्वारी दिन पाउने छैन ।

८) नाबालक शेयरधनीको संरक्षकले सभामा उपस्थित हुन र मतदान गर्न वा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

**१५. मतदान गर्ने अधिकार:**

१) प्रचलित कम्पनी सम्बन्धी कानून र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई आफुले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ ।

२) संचालक निर्वाचन गर्दा जुन समूहको संचालक निर्वाचन हुने हो सोही समूहको प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नु पर्ने संचालकको संख्यालाई गुणन गर्दा हुने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ ।

**१६. स्वतन्त्र संचालकको नियुक्ति सम्बन्धी व्यवस्था:**

संचालक समितिले एक जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ । त्यस्तो संचालकको योग्यता र अनुभवको हकमा राष्ट्र बैंकले तोकेको विषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त हुनुपर्नेछ ।

**१७. स्वतन्त्र सञ्चालकको सुविधा र कार्यकाल:**

स्वतन्त्र सञ्चालकको सुविधा अन्य सञ्चालक सरह यस नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । निजको कार्यकाल बढीमा ४ बर्षको हुनेछ र निज एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

**१८. प्रवन्ध संचालक:**

संचालक समितिले संचालकहरुमध्येबाट एकजना प्रवन्ध संचालक नियुक्त गर्न सक्नेछ । प्रवन्ध संचालकको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य तथा अधिकार नियम १९ मा उल्लेख भए अनुसार हुनेछ ।

तर संचालक समितिले चाहेमा प्रवन्ध संचालकको सट्टा प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्नेछ ।

**१९. प्रवन्ध संचालकको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य र अधिकार:**

संचालक समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही प्रवन्ध

संचालकको योग्यता, पदावधि, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य तथा अधिकार तोक्न सक्नेछ ।

**२०. बैंकको प्रमुख प्रशासक:**

प्रवन्ध संचालक नरहेको अवस्थामा संचालक समितिले कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्नेछ ।

**२० क. कार्यकारी प्रमुखको नियुक्ति र सेवाका शर्त:**

१) समितिले यस नियमावली, प्रवन्धपत्र र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही बैंकका कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।

२) कार्यकारी प्रमुखको नियुक्ति गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकले समय समयमा जारी गर्ने निर्देशन अनुरुप नियुक्ति गरिने छ ।

३) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ ।

४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त समितिले तोके बमोजिम हुनेछ ।

५) कार्यकारी प्रमुखको पदावधि बढीमा चार बर्षको हुनेछ । बैंकका कार्यकारी प्रमुख लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन् ।

**२० ख. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार:**

१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागु गर्ने र बैंकको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने ।

ख) बैंकको बार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

ग) बैंकको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने ।

ङ) अध्यादेश, प्रचलित कानून, प्रवन्धपत्र र नियमावलीको अधिनमा रही बैंकले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथा समयमा पेश गर्ने ।

च) बैंक सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

छ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैंकको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने ।

ज) निक्षेपकर्ता, शेयरधनी तथा बैंकको उच्चतम हित हुने गरी सञ्चालन गर्ने ।

झ) सञ्चालक समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापनको लागि उचित मापदण्ड लागु गर्ने ।

२) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ ।

**२१. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:**

१) साधारण सभाबाट हुने काम बाहेक प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, यस नियमावली, प्रवन्धपत्र तथा प्रचलित कानूनको अधीनमा रही बैंकले गर्नु पर्ने सबै काम र प्रयोग गर्ने सम्पुर्ण अधिकार संचालक समितिमा निहित रहनेछ । आफुले गर्नु पर्ने काम सुव्यवस्थित रुपले संचालन गर्न संचालक समितिले आवश्यक विनियम बनाउन सक्नेछ ।

२) यस नियमावली तथा प्रवन्धपत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक संचालक समितिले आफुमध्येका कुनै संचालकलाई वा बैंकका कुनै पदाधिकारीलाई एक्लै वा संयुक्त रुपमा बैंकको तर्फबाट लेखापढी गर्न वा विनिमेय अधिकारपत्र वा चेक आदिमा सहीछाप गर्न समेत सबै वा केही अधिकार सुम्पी आफ्नो प्रतिनिधी खडा गर्न सक्नेछ ।

३) संचालक समितिले कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार एक वा एक भन्दा वढी उपसमिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको उपसमितिको काम, कर्तब्य, अधिकार, कार्याविधि र बैठकमा भाग लिए वापत पाउने पारिश्रमिक वा भत्ता संचालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

४) संचालक समितिले आफ्नो रेखदेख वा निर्देशनमा काम गर्ने गरी आफ्नो केही अधिकार अध्यक्ष, संचालक, आफुद्वारा गठित उपसमिति, प्रवन्ध संचालक वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

५) उपनियम (४) बमोजिम अध्यक्ष, संचालक, संचालक समितिद्वारा गठित उपसमिति, प्रवन्ध संचालक वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफुले पाएको अख्तियारी आफ्नो जवाफदेहीमा आफु मातहतका कर्मचारीलाई सुम्पन सक्नेछ ।

६) बैंकको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा बैंकको सञ्चालन गर्नु एवं बैंकमा उपयुक्त संस्थागत सुशासन कायम गरी निक्षेप लिने, कर्जा दिने, लगानी गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र बजेट खर्च गर्ने जस्ता बैंकको दैनिक काम कारोबारमा हस्तक्षेप नगर्ने विषयको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

७) बैंकले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न यस ऐन, प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाई लागु गर्ने ।

८) बैंकको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन आफ्नो नीति र रणनीति अनुरुप बैंकिङ्ग तथा वित्तीय कारोबार होसियारीपूर्वक सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापन मापदण्ड तैयार गरी लागू गर्ने ।

९) बैंकले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, काम कारबाहीको नियमित अनुगमन गरी बैंक व्यवस्थित र विवेकशील तबरबाट सञ्चालन गर्ने गराउने ।

१०) बैंकको स्पष्ट संगठनात्मक संरचना तयार गर्ने, नीति तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

११) बैंकको वार्षिक प्रतिवेदन सहितको लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारण सभामा पेश गर्ने ।

१२) राष्ट्र बैंकले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२२. शेयरमा लियन:**

क) शेयरधनीहरुले बैंकलाई तिर्न बाँकी शेयरको रकम वा कानून बमोजिम बैंकलाई बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको सबै शेयरहरु र सो बापत बाँडिने लाभांश समेतमा बैंकको पहिलो लियन रहने छ । त्यस्तो रकम बैंकले लाभांशबाट कट्टा गरी वा संचालक समितिले उपयुक्त देखेमा लियन रहेको शेयरहरु बिक्रि गरि लिन सक्नेछ ।

ख) त्यस्तो शेयर बिक्रिबाट उठेको रकमबाट बैंकलाई सो लियन अन्तर्गतको शेयर वापत तत्काल भुक्तान गर्न बाँकी रहेजति सबै रकम सोधभर्ना गरिनेछ र त्यसबाट रकम बचत हुन आएमा सो बचत रकम त्यस्तो शेयरधनी वा निजको कानूनी प्रतिनिधिलाई फिर्ता दिईनेछ ।

ग) लियन अन्तर्गत अधिकार प्रयोग गरी जफत गरिएको कुनै शेयर बिक्रि गरीएपछि, समितिले त्यसरी बिक्रि गरेको शेयरहरु खरिद गर्ने व्यक्तिको नाममा दर्ता गराउन सक्नेछ । त्यसरी शेयर खरिद गर्ने व्यक्तिले सो शेयर बिक्रिको कारवाहिमा नियमित भए नभएको वा शेयरको रकम बापत उपभोग भए नभएको हेर्न देखाउन बैंकलाई कर लाग्ने छैन । त्यस्तो शेयरका सम्बन्धमा निजको नाममा दर्ता किताबमा चढाईसकेपछि कुनै व्यक्तिले सो शेयर बिक्रिको बैधता लाई लिएर प्रश्न उठाउन सक्ने छैन । सो बिक्रिबाट कसैलाई हानी नोक्सानी हुन गएमा सो हानी नोक्सानीको दावी बैंक उपर मात्र लाग्न सक्नेछ ।

**२३. विभिन्न वर्गका शेयर र शेयरधनीको हक तथा विशेष सुविधा:**

प्रचलित कानूनको अधीनमा रही साधारण सभाबाट निर्णय गराई फरक फरक अधिकार हुने गरी विभिन्न वर्गका शेयर जारी गर्न सकिनेछ । त्यसरी शेयर जारी गर्दा शेयरधनीको हक तथा विशेष सुविधा प्रचलित कानून अनुसार साधारण सभाले तोके बमोजिम हुनेछ ।

**२४. अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:**

प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले पूँजीको आवश्यकता तथा सो को पर्याप्तताका आधारमा भविष्यमा फिर्ता हुने (रिडिमेवल), फिर्ता नहुने (इरिडिमेवल) र अन्य प्रकारका अग्राधिकार शेयर जारी गर्न सकिनेछ ।

**२५. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:**

शेयर वापतको रकमको भुक्तानीको माग, शेयरको बाँडफाँड तथा शेयर जफत सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र प्रचलित धितोपत्र सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

**२६. शेयर हस्तान्तरण तथा शेयर सम्बन्धी अन्य व्यवस्था:**

१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानूनमा भएको व्यवस्थाको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति लिई बैंकको शेयर देहाय बमोजिम हस्तान्तरण हुनेछ:

क) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा प्रकाशित

सूचनामा तोकिएको ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाणपत्र सहित बैंकको रजिष्टर्ड कार्यालय वा बैंकले तोकेको शेयर रजिष्ट्रारको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ख) माथि खण्ड (क) बमोजिम निवेदन परेमा बैंकले मौजुदा शेयरधनीको नाम हटाई नयाँ शेयरधनीको नाम शेयरधनीहरुको रजिष्टरमा दर्ता गर्नेछ ।

ग) प्रचलित कानूनको अधिनमा रही समूह “क” का संस्थापक शेयरधनीहरुले स्वामित्व धारण गरेको शेयर संचालक समितिको स्वीकृति बाट मात्र दाखिल खारेज हुनेछ । समूह “ख” का सर्वसाधारण शेयरधनीहरुले स्वामित्व धारण गरेको शेयरको दाखिल खारेज कम्पनी सचिवले पनि प्रमाणित गरिदिन सक्नेछ ।

२) बैंकले निष्काशन गरेको हकप्रद शेयर खरिद गर्न पाउने साविकका शेयरधनीहरुले आफुले शेयर खरीद गर्न पाउने सम्पुर्ण वा आंशिक हकप्रद शेयर आफु खरिद नगारी अन्य व्यक्तिलाई बिक्री/हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया अनुसार त्यस्तो हक बिक्री/हस्तान्तरण गर्न सक्नेछन् ।

**२७. शेयरपूँजीमा हेरफेर:**

नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई प्रचलित कम्पनी सम्बन्धी कानून, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकले आफ्नो पूँजी तथा शेयर पूँजीको स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

**२८. बैंकले आफ्नो शेयर आफैं खरिद गर्ने:**

१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानूनको अधीनमा रही बैंकले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ ।

२) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य कानूनको अधीनमा रही बैंकले आफ्नो शेयर आफै कति सम्म खरीद गर्ने हो निर्धारण गर्न सक्नेछ ।

३) बैंकले आफ्नो शेयर आफै खरीद गर्दा नेपाल राष्ट्र बैंक तथा अन्य नियमन निकायले तोकेको शर्तहरुको अधीनमा रही प्रचलित कानून बमोजिम गर्न पर्नेछ ।

**२९. विभिन्न वर्गका शेयर सम्बन्धी व्यवस्था:**

प्रचलित कानूनको अधिनमा रही साधारणसभाको निर्णयबाट विभिन्न वर्गका शेयर जारी गर्न सकिनेछ ।

**३०. विभिन्न वर्गका शेयरधनीहरुको अधिकार:**

प्रचलित कानूनको अधीनमा रहि विभिन्न वर्गका शेयर जारी गर्दा शेयरधनीहरुको विशेष अधिकार र सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

**३१. सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**

१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा

देहाय बमोजिम हुनेछन् :

**अ. बैठक भत्ता**

| | |
|---|---|
| अध्यक्ष: | रु. २०,०००/- प्रति बैठक |
| सदस्य: | रु. १६,०००/- प्रति बैठक |
| यातायात खर्च: | वास्तविक |

**आ. दैनिक भ्रमण भत्ता**

| | |
|---|---|
| क) नेपालमा: | |
| १. काठमाडौं/पोखरा: | रु. १०,००० /- दैनिक |
| २. अन्य स्थान: | रु.८,०००/- दैनिक |
| ख) भारतमा: | |
| १. महानगरीय शहरहरुमा | भा.रु. १५,०००/- दैनिक |
| २. अन्य शहरहरुमा | भा.रु. १०,०००/- दैनिक |
| ग) विदेशमा: | |
| १. भारत बाहेक अन्य सार्क देशहरुमा | USD १५० दैनिक |
| २. अन्य एशियाली देशहरुमा | USD २०० दैनिक |
| घ. अन्य देशहरुमा | USD ३०० दैनिक |

नोट: सञ्चालकहरुको भ्रमणमा खाने/बस्ने व्यवस्था बैंकले नै मिलाएको अवस्थामा दैनिक भ्रमण भत्ता प्रदान गरिने छैन ।

**इ. अन्य सुविधाहरु**

क) अध्यक्षलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट रु. २०,०००/- प्रति महीना तथा सञ्चालकलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट रु. १७,०००/- प्रति महिना ।

ख) दुर्घटना बीमा:

१. अध्यक्षको वार्षिक बीमा शुल्क रु. ६,०००/- मा नबढ्ने गरी ।

२. सदस्यको वार्षिक बीमा शुल्क रु. ४,०००/- मा नबढ्ने गरी ।

(ग) अध्यक्ष तथा सञ्चालकलाई स्वास्थ्य विमा अन्तर्गत वार्षिक विमा शुल्क रु. ७४,०००/- मा नबढ्ने गरी ।

३) अन्य सुविधाहरु समय समयमा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

४) संचालकले यस नियमावलीमा लेखिए बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी

त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

**३२. बैंकको छापको प्रयोग**

१) बैंकको कारोवारमा बैंकको छाप प्रयोग गरिनेछ । यस्तो छाप बैंक व्यवस्थापनको जिम्मामा रहनेछ । सो छाप बैंक व्यवस्थापनले आफ्नो मातहतको कर्मचारी तोकी जिम्मामा दिन सक्नेछ ।

२) कम्पनीको छापको अनधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

**३३. बैंकको लेखा, हिसाब किताब र लेखापरीक्षण:**

१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (एकाउन्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ ।

२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार राख्नेछ ।

३) बैंकले आर्थिक वर्ष समाप्त भएको चार महीनाभित्र वासलात, नाफानोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी लेखापरीक्षण गराउनेछ । यस्तो वित्तीय विवरणमा कम्तिमा दुई जना संचालक, कार्यकारी प्रमुख र बाह्रय लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

४) लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ ।

तर, साधारण सभाले एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सक्ने छैन ।

५) लेखापरीक्षकको पारिश्रमिक शेयरधनीहरुले साधारण सभामा निर्णय गरे बमोजिम हुनेछ ।

६) साधारण सभाले उपनियम ४ बमोजिम लेखापरीक्षक नियुक्त गर्दा प्रचलित कम्पनी सम्बन्धी कानूनको व्यवस्था बमोजिम गठन हुने लेखा परीक्षण समितिको सिफारिशमा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचिमा समावेश रहेका लेखापरीक्षक मध्येबाट चार्टर्ड एकाउन्टेण्टलाई नियुक्त गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लेखापरीक्षकको नाम निज नियुक्त भएको मितिले १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

७) बैंकले उपनियम ३ मा उल्लिखित अवधि भित्र लेखापरीक्षण गराउन नसकेको खण्डमा मनासिब कारण खोली म्याद थपका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्नेछ ।

८) लेखापरीक्षकले आफुले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । लेखापरीक्षकले दिएको प्रतिवेदनको प्रतिलिपी कम्पनी कानूनमा गरिएको व्यवस्थाको अधीनमा रहि बैंकले शेयरधनीहरुलाई र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत उपलब्ध गराउनु पर्नेछ ।

९) बैंकको अद्यावधिक हिसाव, किताव कुनै शेयरधनीले हेर्न चाहेमा बैंकले सो हेर्न दिनेछ ।

**३४. लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था:**

बैंकमा एक लेखापरीक्षण समिति हुनेछ। लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तथा लेखापरीक्षण समिति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**३५. ऋण र डिबेञ्चर सम्बन्धी व्यवस्था:**

१) बैंकको जारी पूँजी पूरा चुक्ता नभएसम्म बैंकले ऋण वा डिबेञ्चर उठाउन सक्ने छैन । ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा प्रचलित कानूनको अधीनमा रही संचालक समितिले निर्णय गरी जारी गर्न सक्नेछ ।

२) बैंकले डिबेञ्चर ट्रष्टी नियुक्ति गर्दा स्वीकृतिप्राप्त संस्था/कम्पनीलाई नियुक्त गर्नु पर्नेछ । यस्तो नियुक्ति प्रचलित कानूनको अधीनमा रही संचालक समितिले गर्नेछ ।

३) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३६. बैंक गाभिने:**

यस बैंकमा कुनै अर्को बैंक/वित्तीय संस्था वा यस बैंकलाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।

**३७. लाभांश सम्बन्धी व्यवस्था:**

१) प्रचलित कानून अन्तर्गत पूरा गर्ने शर्तहरु पूरा गरी तथा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो खुद मुनाफा मध्येबाट लाभांश वा अन्तरिम लाभांश घोषणा तथा वितरण गर्न सक्नेछ ।

२) प्रचलित कानूनको अधीनमा रही लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

३) उपनियम (२) बमोजिम लाभांश वितरण नगरेमा १० प्रतिशतको दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।

४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंकले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

५) लाभांश वा अन्तरिम लाभांशको रकम संचालक समितिले सिफारिश गरी साधारण सभाद्वारा स्वीकृत भए बमोजिम हुनेछ ।

६) लाभांशपत्रहरु (डिभिडेन्ड वारेन्ट्स) शेयरधनीहरुको बैंक समक्ष दर्ता रहेको ठेगानामा पठाइनेछ वा बैंक वा बैंकले तोकेको कुनै संगठित संस्था मार्फत शेयरधनी वा निजका अख्तियारप्राप्त व्यक्तिले आफैं बुझी लिने गरी वितरण गरिनेछ ।

७) लाभांश घोषणा गरेको समयमा शेयरधनीहरुको दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरु

वा तिनीहरुका कानूनी हकवालाहरुले मात्र त्यस्तो लाभांश पाउनेछन् ।

८) लाभांश सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानून तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३८. बैंकिङ्ग व्यवसायसँग सम्बन्धित अन्य व्यवस्था:**

१) बैंकको आर्थिक बर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।

२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मिति भित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरु नियमित रुपले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

३) बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-

क) सगोलको पति वा पत्नी,

ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

ग) सगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,

घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,

च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,

छ) सगोलको काका, विधवा काकी, भाउज्यु, भाइ-बुहारी वा नातिनी-बुहारी,

ज) भिन्न बसेको दाजु वा भाइ,

झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, विवाहित छोरी, नातिनी-बुहारी वा भतिजा

तर उपरोक्त प्राथमिकता क्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

४) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंकमा निक्षेप राखेको रुपैयाँ नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

६) बैंक र ग्राहक बिचको सम्बन्ध तथा बैंकको हिसाब किताब, खाता वहि, श्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्ति वाहेक अन्य कसैलाई थाहा दिइने छैन । यस सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

७) बैंकले दश बर्षदेखि चल्ती नभएका तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक बर्षको पहिलो महीना भित्र नेपाल राष्ट्र बैंकमा पठाउनेछ ।

८) बैंकले लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म पनि सम्बन्धित शेयरधनी वा निजको हकवालाले सो लाभांश लिन नआएमा त्यस्ता शेयरधनीको लाभांशको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महीनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनेछ ।

९) बैंकका कुनै संचालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको वा कानूनले बाध्य पारेको अवस्थामा बाहेक अन्य अनधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।

१०) बैंकले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

११) बैंकले आफ्नो कूल सम्पत्तिको कूल जोखिम सम्पत्तिको आधारमा नेपाल राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ ।

१२) बैंकको लेखा तथा श्रेस्ताहरु नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम अंग्रेजी वा नेपाली भाषामा राखिनेछ ।

**३९. शेयर तथा डिबेन्चर दर्ता किताबको निरीक्षण:**

१) बैंकका कुनै शेयरधनीले शेयर दर्ता किताव निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनेछ । तर, बैंकले आफ्नो सूचना पाटीमा वा राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा सात दिन अगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म शेयर दर्ता किताबको निरीक्षण बन्द गर्न सकिनेछ ।

२) कुनै शेयरधनीले शेयर दर्ता कितावको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रति पृष्ठ रु. १०/- दस्तुर लिई बैंकले सोको प्रतिलिपी दिनेछ ।

**४०. कम्पनी सचिव सम्बन्धी व्यवस्था:**

१) प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्थाको अधीनमा रही बैंकले एक जना कम्पनी सचिब नियुक्त गर्नेछ ।

२) कम्पनी सचिवको पदावधि, सेवा र शर्तहरु बैंकको कर्मचारी सेवा विनियमावली तथा निजको नियुक्तीको शर्त (टर्मस अफ एपोइन्टमेन्ट) मा तोकिए बमोजिम हुनेछन् ।

३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार तथा कम्पनी सचिव सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

**४१. अन्य आवश्यक कुराहरु:**

१) बैंकको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न

कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहेकोछ ।

२) बैंकको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी कानून तथा प्रवन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको शेयर धितो बन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

३) नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियमहरु बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा बैंकसँग भएको करारमा वा बैंकको अरु व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको बाहेक क्षतिपुर्तिको दावी लाग्ने छैन ।

४) बैंकले आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिएका विषयहरु तथा बैंकले सम्पादन गर्नुपर्ने अन्य सम्पुर्ण काम कारोबारका सम्बन्धमा राष्ट्र बैंकको स्वीकृति लिई विनियम बनाउन सक्नेछ । संचालक समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागु गर्न सक्नेछ ।

५) साधारण सभाबाट स्वीकृत लाभांश बाहेक बैंकले आफ्नो कोषमा व्ययभार पर्ने गरी शेयरधनीहरुलाई नगद वा जिन्सीको रुपमा कुनै पनि रकम भुक्तानी गर्न वा वितरण गर्न सक्ने छैन ।

६) बैंकको काम कारोवार सञ्चालन गर्नको लागि बैंकले संघ, संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंकको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी बैंकको व्यवस्थापन जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपुर्ति गर्नको लागि आवश्यक सम्पुर्ण कार्यहरु गर्न सक्नेछ ।

७) बैंकका संचालक तथा कर्मचारीहरुले आफ्नो ओहदा सम्हाल्नुपूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ गर्नु पर्नेछ ।

८) संचालक समितिले संचालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

९) संचालकको नियुक्ति वा संचालक समितिको गठनमा भएको अनियमितता वा कुनै संचालकको पद रिक्त रहेको कारणले संचालक समितिको कुनै कामकारवाही बदर हुने छैन ।

१०) बैंकले संचालक, शेयरधनी, डिबेन्चर होल्डर, कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा प्रचलित कम्पनी सम्बन्धी कानून तथा विद्युतीय कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।

११) बैंकले आफ्नो व्यवसाय सुचारु रुपले संचालन गर्नको लागि आफ्नो आवश्यकता अनुसार कर्मचारीहरु नियुक्त गर्नेछ । कर्मचारीहरुको सेवाका शर्तका सम्बन्धमा संचालक समितिले कर्मचारी सेवा नियम/विनियमहरु बनाउनेछ ।

१२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत

बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको कुनै कामकारबाहीको सम्बन्धमा बैंकका संचालक, पदाधिकारी वा कर्मचारी सामुहिक वा व्यक्तिगत रुपले जवाफदेही हुने छैनन् ।

तर द्वेषपूर्ण लापरवाही वा वदनियतबाट गरिएको कुनै कामको परिणाम उपर निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

१३) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत कुनै संचालक वा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाले दस्तखत गरी बैंकको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१४) प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा शेयरधनीहरुको दर्ता किताब तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा वा बैंकले तोकेको शेयर रजिष्ट्रारको कार्यालयमा राखिनेछ । बैंकको साधारणसभाको बखत बैंकले विद्यमान शेयरधनीहरुको अद्यावधिक लगत (अभिलेख) तयार गर्नेछ । वार्षिक साधारणसभाको सूचना प्रकाशित भएपछि एक महीनासम्म संचालक समितिले शेयर हस्तान्तरण तथा दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

१५) प्रत्येक शेयरधनीले आफ्नो नाम तथा वतन बैंकमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता गराएको वतनमा कुनै परिवर्तन भएमा सो सम्बन्धमा बैंकलाई तुरुन्त जानकारी गराउनु पर्नेछ । बैंकलाई सूचना गरी हेरफेर गरिएकोमा बाहेक शेयरधनी दर्ताकिताबमा उल्लेख गरिएको शेयरधनीका ठेगाना नै निजको वास्तविक ठेगाना मानिनेछ ।

१६) साझा गरी दुई जनाभन्दा बढी व्यक्तिहरुले संयुक्त नाममा शेयर खरीद गर्न सक्ने छैनन् । संयुक्त नाममा लिइएको शेयरमा यसको यति भाग हुनेछ भनी रीतपुर्वकको लिखत नभएमा बराबर हिस्सा भएको मानिने छ ।

१७) साझा गरी शेयर लिने शेयरधनीहरु बीचको संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दुबै साझेदारहरुको त्यस्तो शेयरमा बराबर हक भएको मानिनेछ र कुनै साझेदारको मृत्यु भै निजको हकदारको टुंगो लाग्न लामो समय लाग्ने भएमा अर्को साझेदार शेयरधनीको शेयरको मुल्य समान रुपमा भाग बण्डा लगाई मृत्यु भएको शेयरधनीको भाग छुट्याइने छ र बाँकी रहेको मुल्य अर्को शेयरधनीको नाममा हस्तान्तरण गरिनेछ र त्यसपछि सो शेयर संचालन गर्न निजहरुलाई अनुमति दिइनेछ । तर यसरी भाग छुट्याउँदा बैंकको प्रवन्धपत्रको दफा ७(घ) अनुसार न्युनतम शेयर संख्याभन्दा कम र अधिकतम शेयर संख्याभन्दा बढी हुने गरी छुट्याइने छैन ।

१८) नाबालक वा मानसिक सन्तुलन ठीक नभएको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम कायम भएको अभिभावक वा संरक्षकले त्यस्ता नाबालक वा मानसिक सन्तुलन ठीक नभएको व्यक्तिको तर्फबाट शेयरको संचालन गर्न सक्नेछ ।

१९) शेयरको सिलसिलेवार संख्या तथा बैंकको छाप भएको शेयर प्रमाणपत्रमा जुन व्यक्तिको नाम रहेको छ वा जुन व्यक्तिको नाममा शेयर हस्तान्तरण भएको छ सोही व्यक्ति त्यस्ता शेयरको धनी भएको मानिने छ । तर कुनै नाबालक वा मगज बिग्रेको व्यक्तिको शेयर निजको संरक्षकको नाममा दर्ता भएमा त्यस्तो नाबालक वा मगज बिग्रिएको व्यक्ति नै शेयरको धनी

मानिने छ ।

२०) शेयर पूँजीमा भएको वृद्धिको कारणले शेयर जारी भएमा प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा विद्यमान शेयरधनीहरुबीच बाँडफाँड गरिनेछ । तर संचालक समितिले त्यस्तो शेयरको पाँच प्रतिशतमा नबढ्ने गरी बैंकका कामदार कर्मचारीको लागि शेयर छुट्याउन सक्नेछ ।

२१) शेयर प्रमाणपत्र हराएमा वा नोक्सान भएमा त्यसको धनीले सो हराएको वा नोक्सान भएको थाहा पाएको मितिले ३५ दिन भित्र बैंकको प्रधान कार्यालय वा कर्पोरेट अफिस वा शेयर रजिष्ट्रारको रुपमा कार्य गर्न बैंकले नियुक्त गरेको अन्य कुनै निकायमा सो व्यहोराको दरखास्त दिनुपर्नेछ । यस्तो कुनै दरखास्त परेमा बैंकले सो सम्बन्धमा आवश्यक सबै कुरा बुझी निवेदनमा उल्लिखित व्यहोरा मनासिव देखिएमा रु. ५०/- दस्तुर लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिनेछ र सो कुरा शेयरवालाको दर्ता किताबमा पनि जनाइनेछ ।

२२) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा वहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तिमा एक वर्षसम्म बैंक वा बैंकको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवार वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

२३) शेयर सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित धितोपत्र सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**२४) खारेजी र बचाउ:**

क) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको नियमावली संशोधन गरी इजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडबाट मिति २०५४/०२/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको बैंकको उक्त नियमावली तथा सोमा भएका संशोधनहरु खारेज गरिएको छ ।

ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुको सहीछाप, सो नियमावली मस्यौदा गर्ने कानून व्यवसायी/चार्टर्ड एकाउन्टेन्टले प्रमाणित गरेको कुरा तथा निजको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु नियम ४५ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

**४२. बैंकको खारेजी:**

(१) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति विना बैंक स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम बैंकको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा नेपाल राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी बैंकले आफ्नो ऋण तथा दायित्व पुर्ण रुपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा नेपाल राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले आवश्यक शर्त तोकी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।

(३) बैंकको खारेजी सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानून अनुरुप हुनेछ ।

**४३. नियमावली बाझिएको हदसम्म निष्कृय हुने:**

(१) यस नियमावलीका कुनै व्यवस्था प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो व्यवस्था स्वत: बदर हुनेछ र यसमा उल्लेख नभएको कुरा प्रबन्धपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस नियमावलीमा उल्लेख भएका कुराहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा सोही कानून वा ऐनहरूमा उल्लेख भए बमोजिम हुनेछ ।

**४४. नियमावलीमा संशोधन:**

(१) यस नियमावलीमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र लागु भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा लागु हुने अन्य प्रचलित कानूनमा कुनै संशोधन वा परिवर्तन भएमा यस नियमावलीमा भएका व्यवस्थाहरु पनि सोही बमोजिम स्वत: संशोधन वा परिवर्तन भएको मानिनेछ र सोही बमोजिम नियमावलीमा संशोधन गरी मिलाउनु पर्नेछ ।

**४५. संस्थापकहरुले तत्काल लिन कबुल गरेका शेयर संख्या:**

हामी साविकमा नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड हाल एन आई सी एशिया बैंक लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहीछाप गरेका छौं ।

| सि.नं. | संस्थापकहरुको नाम, थर तथा वतन र सहीछाप | लिन मन्जूर गरेको शेयर संख्या | साक्षीहरुको नाम, थर वतन र सहीछाप |
|---|---|---|---|
| १ | नाम: जगदीश प्रसाद अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ९, ९/७१ मेनरोड, मोरङ<br>सही: द...................... | १,१७,८५८ | नाम: शम्भु पौडेल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ९, मोरङ<br>सही: द...................... |
| २ | नाम: लोकमान्य गोल्छा<br>ठेगाना: काठमाडौं, महानगरपालिका वडा नं.२२, गणबहाल<br>सही: द...................... | ५२,६७९ | नाम: राजेन्द्र गिरी<br>ठेगाना: का.जि.का.म.न.पा. वडा नं.२४<br>सही: द...................... |
| ३ | नाम: त्रिलोक चन्द अग्रवाल<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२, लाजिम्पाट<br>सही: द...................... | १,०५,३५७ | नाम: संजय कुमार श्रीवास्तव<br>ठेगाना: ल.पु.उ.म.न.पा. वडा नं.२<br>सही: द...................... |
| ४ | नाम: दिवाकर गोल्छा<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२२, गणबहाल<br>सही: द...................... | ५२,६७८ | नाम: भवानी हेरा तुलाधर<br>ठेगाना: घ १६/२३, वडा नं. २७, काठमाडौं महानगरपालिका<br>सही: द...................... |
| ५ | नाम: बासुदेव गोल्याण<br>ठेगाना: शाह उद्योग बिराटनगर उपमहानगरपालिका, वडा नं. १७, मोरङ.<br>सही: द...................... | ६१,६०७ | नाम: शिवशंकर अग्रवाल<br>ठगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ८, मोरङ<br>सही: द...................... |
| ६ | नाम: तुलसीराम अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ९, ९/७१ मेनरोड, मोरङ<br>सही: द...................... | १,०५,३५७ | नाम: राजेश कर्ण<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं. ८<br>सही: द...................... |
| ७ | नाम: पवन कुमार गोल्याण<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५, बानेश्वर हाइट<br>सही: द...................... | ६१,६०७ | नाम: अशोक कुमार अग्रवाल<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट<br>सही: द...................... |
| ८ | नाम: सुभाष चन्द्र संघाई<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५, इन्द्रचोक<br>सही: द...................... | १,०५,३५७ | नाम: अतुल खड्का<br>ठेगाना: काठमाडौं महानगरपालिका वडा नं.२५, कलंकी<br>सही: द...................... |
| ९ | नाम: निर्मल कुमार अग्रवाल<br>ठेगाना: बिराटनगर उपमहानगरपालिका वडा नं.९, ९/७१ मेनरोड, मोरङ<br>सही: द...................... | ८७,५०० | नाम: एकराम महर्जन<br>ठेगाना: हरिसिद्धि गा.वि.स. ललितपुर उपमहानगरपालिका ललितपुर, वडा नं.४<br>सही: द...................... |
| १० | नाम: राष्ट्रिय वाणिज्य बैंक<br>ठेगाना: काठमाण्डौ महानगरपालिका वडा नं. ५, टंगाल<br>सही: द...................... | ६२,५०० | नाम: प्रदिप राज सत्याल<br>ठेगाना: काठमाडौं महानगरपालिका, वडा नं. १ टंगाल, गैरीधारा<br>सही: द...................... |

मैंले मस्यौदा गरेको यस नियमावलीमा संस्थापक तथा साक्षीहरुले मेरो सामुन्नेमा हस्ताक्षर गरेका हुन् र नियमावलीमा प्रचलित कानूनसँग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको

**क) नाम** : रत्नराज बज्राचार्य
**ख) दस्तखत** :
**ग) प्रमाणपत्र नं.**: क १२४/०४९, २०४९/९/२
**घ) मिति** : २०५४/२/१०

| **संचालकहरुको नाम** | **बतन** | **दस्तखत** |
|---|---|---|
| १. श्री तुलसीराम अग्रवाल (अध्यक्ष) | बिराटनगर | |
| २. श्री त्रिलोक चन्द अग्रवाल | काठमाडौं | |
| ३. श्री रामचन्द्र संघई | काठमाडौं | |
| ४. श्री राजेन्द्र प्रसाद अर्याल | काठमाडौं | |
| ५. श्री बिनोद कुमार प्याकुरेल | काठमाडौं | |
| ६. श्री गणेश मान श्रेष्ठ | काठमाडौं | |
| ७. श्री निकुञ्ज अग्रवाल | काठमाडौं | |

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोन नं. : ९७७-०१-५१११७७/७८/८८, फ्याक्स: ९७७-०१-५१११८०